# रिब्दीकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खस्यौली, पाल्पा

०७५६२००५५,०७५६९२३०७८
Email: ribdikot.rm@gmail.com
website: www.ribdikotmun.gov.np

प.सं. -०७६।०७७
च.नं.:- १०२३

मिति :–२०७६/१२/१०

**विषय : जानकारी सम्बन्धमा**

श्री वडा अध्यक्षज्यूहरु/वडा सचिवज्यूहरु,
सबै वडा कार्यालयहरु,
रिब्दीकोट गाउँपालिका, खस्यौली, पाल्पा

प्रस्तुत विषयमा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको मिति २०७६/१२/०७ गतेको सम्बोधनबाट विश्व भर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सम्भावित संक्रमणको जोखिमबाट सुरक्षित रहन अत्यावश्यक सेवाहरु बाहेक अन्य सेवाहरु वन्द गर्ने घोषणा भए अनुरुप सम्भावित जोखिमबाट बच्न **यस कार्यालय तथा वडा कार्यालयहरुबाट** प्रवाह हुने **अत्यावश्यक सेवाहरु (स्वास्थ्य सेवा र विपद व्यवस्थापन)** बाहेक **अन्य सेवाहरु मिति २०७६।१२।१० गतेदेखि २०७६।१२।२१ गतेसम्मको लागि वन्द गर्ने** निर्णय भए बमोजिम नियमित सेवा प्रवाह स्थगन गरी देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

- नियमित रुपमा कार्यालय खोल्ने, अनुपस्थित नरहने,
- अत्यावश्यक सेवा प्रवाहको अवस्थाको नियमन एवं अनुगमन गर्ने,
- कोरोना भाइरस सम्बन्धी सचेतना फैलाउने,
- वडामा अनावश्यक भिडभाड तथा भेला, जमघट हुन नदिने, र
- आफ्नो वडामा विदेशबाट फर्किएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यक रेखदेख तथा निगरानी गर्ने र सो को संख्यात्मक विवरण दैनिक रुपमा कार्यालयमा प्रतिवेदन गर्ने

**ऋषीराम अर्जेल**
**प्रमुख प्रशासकीय अधिकृत**